२०८१ चैत्र १७ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ११/२०८१/०८२

आज मिति २०८१ चैत्र १७ गते आइतबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| [signature] | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

श्री कर्ण बहादुर के.सी. पूर्वाधार विकास शाखा प्रमुख

श्री ठकेन्द्र खत्री आर्थिक प्रशासन शाखा प्रमुख

श्री करुणा खड्का इन्जिनियर

CS CamScanner

२०८१ चैत्र १७ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ११/२०८१/०८२

प्रस्तावहरुः

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा

२. सुशासन तथा सेवा प्रवाहको समिक्षा

३. सिस्ने गाउँपालिका विभिन्न तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१

४. पर्यटन प्रबर्द्धनका लागि कार्यक्रम

५. कृषि विकास शाखाको कार्यक्रमको बजेट रकमान्तर

६. कार्यस्थलमा आधारित सिप विकास आयोजनहरु

७. सिस्न-२, ५ शैया अस्पताल भवन ठेक्का म्याद थप

८. क्र.स. १६२ को सरसफाई संरचना निर्माणको रकम खर्च

९. झोलुङ्गे पुल माग

१०. वडा नं ३ को वडा कार्यालयको लागि जग्गा प्राप्तीको सिफारिस

११. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, काठमाडौबाट हस्तान्तरित कार्यक्रम कार्यान्वयन

१२. अटोरिक्शा नविकरण शुल्क

**निर्णय नं. १,**

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

कार्यान्वयन भएका निर्णय संख्याः ६

कार्यान्वयन नभएको निर्णय नं. ५, वडा नं १ र २ को एकिकृत घुम्ति शिविर स्थगित गरिएको। निर्णय नं ८, को शहिद परिवारलाई सहकारीको शेयर खरिद गर्ने कार्य अन्तिम चरणमा रहेको।

**निर्णय नं. २,**

गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुको सेवा प्रवाह तथा सुशासनको समिक्षा गरियो । सिस्ने गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०८१/०८२ मा सम्झौता भई सञ्चालन र सम्पन्न भएका भौतिक निर्माणका आयोजनाहरुः

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ चैत्र १७ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ११/२०८१/०८२

जम्मा आयोजनाहरुः ११६
जम्मा सम्झौता भएकाः ७९
जम्मा भुक्तानी भएकाः २५
जम्मा उपभोक्ता समितिसँग सम्झौता भएकाः ६८
निर्माण व्यवसायीसँग सम्झौता भएकाः ११
जम्मा काम सम्पन्नः ४५

**निर्णय नं. ३,**

सिस्ने गाउँपालिका विभिन्न तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

**निर्णय नं. ४,**

पर्यटन प्रबर्द्धन कार्यक्रम बजेट शिर्षक नं १०८ र १०९ को बजेट तपसिल बमोजिम खर्च गर्ने

१. पर्यटकिय क्षेत्र झल्कने होर्डिङ बोर्ड निर्माण ९०००००।–नौ लाख रुपैया मात्र
२. पर्यटकिय क्षेत्र झल्काउने ब्रोसन निर्माण १०००००।–एक लाख रुपैया मात्र
३. पर्यटकिय क्षेत्र झल्काउने फोटोहरु निर्माण २०००००।–दुइ लाख रुपैया मात्र
४. मौलिक सांस्कृतिक कला प्रबर्द्धन तथा प्रोत्सान कार्यक्रम ६०००००।–छ लाख रुपैया मात्र

**निर्णय नं. ५,**

कृषि विमा बाट मागमा आधारित कृषि कार्यक्रममा देहाय बमोजिम २५ प्रतिशत रकम रकमान्तर गर्ने ।

| साविक कार्यक्रम तथा बजेट | | | संशोधित कार्यक्रम तथा बजेट | | |
|---|---|---|---|---|---|
| बजेट किताव सि.नं. | कार्यक्रमको नाम | बजेट | कार्यक्रमको नाम | बजेट | कैफियत |
| ४४ | कृषि विमा | ५००००० | कृषि विमा | ३७५००० | १२५००० घटाइएको |
| ५७ | मागमा आधारित कृषि कार्यक्रम | ८००००० | मागमा आधारित कृषि कार्यक्रम | ९२५००० | १२५००० थप |

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ चैत्र १७ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ११/२०८१/०८२

निर्णय नं. ६,

देहाय बमोजिमका कार्यस्थलमा आधारित सिप विकास तथा जीवन उपयोगी तालिम पश्चात कार्यान्वयन गर्ने आयोजनहरु छनोट गरियो ।

| क्र.स. | वडा नं. | आयोजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | २ | वडा नं २ को वडा कार्यालय अगाडीको फिल्ड तथा नायगाड फिल्ड मर्मत | १६७००० | |
| २ | ३ | घारी पांगा देखि भैसी थुनेसम्म नहर तथा गौरा ढल निकास मर्मत र धनीमारे ग्याबिन वाल निर्माण | २००४०० | |
| ३ | ४ | सृजनसिल आ.वि.मा वाल मर्मत तथा फिल्ड मर्मत | २००४०० | |
| ४ | ५ | कोट मा.वि. रुमालबारामा मञ्च निर्माण तथा वडा भित्रका नाला सरसफाई | २००४०० | |
| ५ | ६ | छिप्रीदह पिपलबोट देखि ठूला खलासम्मको बाटो मर्मत | २००४०० | |
| ६ | ७ | थेप्ची सान्चौर हुँदै माधारा जाने सडक मर्मत | २००४०० | |
| ७ | ८ | ८ नं. वडा भित्रका विद्यालयका शौचालय तथा खानेपानी मर्मत | १६७००० | |

निर्णय नं. ७,

यस गाउँपालिकाको वडा नं २, नायगाडमा निर्माणाधित ५ शैया अस्पताल भवन (ठेक्का नं.NCB/SRM/W/05/077/078 ) निर्माण कामका लागि सम्झौताकर्ता निर्माण व्यवसायी बाट ठेक्का म्याद थप गरिपाउँ भन्ने व्यहोराको निवेदन पेश भएकोमा हाल उक्त ठेक्काको काममा ( बर्थिङ सेन्टरको भवन बाहेक) ७५ प्रतिशत भौतिक प्रगती भएको साथै काम निरन्तर अगाडी बढी राखेको अवस्थालाई मध्येनजर गर्दै ठेक्का म्याद मिति २०८२ साल असार मसान्त सम्मका लागि थप गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

२०८१ चैत्र १७ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ११/२०८१/०८२

निर्णय नं. ८,

सानोभेरी मा. वि. सिस्ने-८, लम्पाकोट को शौचालय मर्मतका लागि रु. १५००००।– अक्षरेपी एक लाख पचास हजार रुपैया मात्र बजेट किताव क्र.स. १६२ को सरसफाई संरचना निर्माणको रकमबाट खर्च लेख्ने ।

निर्णय नं. ९,

भालुखाप्चे कुमा सिस्ने गाउँपालिका वडा नं. २ सानोभेरी नदीमाथि झोलुङ्गे पुल निर्माणका लागि स्थानीय पूर्वाधार विभाग, सस्पेसन ब्रीज डिभिजन कार्यालय, पुल्चोक ललितपुर लाई अनुरोध गर्ने ।

निर्णय नं. १०,

सिस्ने गाउँपालिका वडा नं.३ को वडा कार्यालयको च.नं.४२९ मितिः २०८१चैत्र १७ को पत्रानुसार यस सिस्ने गाउँपालिका वडा नं. ३ साविक पोखरा गा.वि.स. वडा नं. ३ निवासी धननाम खड्काको नाति बसन्त खड्का र दशरथी खड्काको छोरा वर्ष ५४ को मन बहादुर खड्का ना. प्र. नं. रा. रु. ना. टो. (८१८) जारी मिति २०४४/११/२६ ले रुकुम पूर्व जिल्ला सिस्ने गाउँपालिका वडा नं.३ साविक पोखरा गा.वि.स. वडा नं. १ स्थित पूर्वमा कविराम ओली, पश्चिममा धन बहादुर के.सी., उत्तरमा निम बहादुर के.सी. र दक्षिणमा ईश्वर बहादुर खड्का उल्लेखित चार किल्ला भित्र पर्ने भोग चलन गरिरहेको कित्ता नं. २५२ को क्षेत्रफल २१७० वर्ग मिटर र कित्ता नं. २५३ को क्षेत्रफल ००४६० वर्ग मिटरको जग्गाहरु सिस्ने गाउँपालिका वडा नं. ३ वडा कार्यालयलाई दिन ईच्छुक रहेकोले यस सिस्ने गाउँपालिका वडा नं.३ वडा कार्यालय पोखरा रुकुम पूर्वी भागको नाममा उल्लेखित कित्ता र क्षेत्रफलका जग्गाहरु नामसारी गर्ने प्रक्रियाको लागि मालपोत कार्यालय, रुकुमकोट, रुकुम पूर्वी भागलाई सिफारिस गरीदिन माग भइ आए बमोजिम उल्लेखित व्यहोराको सिफारिस पत्र मालपोत कार्यालय, रुकुमकोट, रुकुम पूर्वी भागलाई प्रेसित गर्ने ।

निर्णय नं. ११,

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, काठमाडौबाट सिस्ने गाउँपालिकामा हस्तान्तरित भइ आएका निम्न लिखित कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गर्ने ।

(क) पर्यटन पूर्वाधार विकास आयोजना बजेट उपशिर्षक ३२५०११०६ को सिल्ले पदमार्ग रुकुम पूर्व बजेट रु. ५००००००।– पचास लाख रुपैया मात्र प्राय श्रममूलक स्थानीय नागरिकले काम गर्ने प्रकृतिको काम भएकाले उल्लेखित आयोजना उपभोक्ता समिति मार्फत काम गराउने ।

रवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रोका
गा.पा. अध्यक्ष

(ख) पर्यटन पूर्वाधार विकास आयोजना बजेट उपशिर्षक ३२५०११०६ को रुकुमकोट ऐतिहासिक एवं पूरातात्विक महत्वको सम्पदाहरुको संरक्षण कार्यक्रम सिस्ने गाउँपालिका रुकुम (पूर्वी भाग) बजेट रु. १,००,००,०००।– एक करोड रुपैया मात्र निम्न लिखित आयोजनामा देहाय बमोजिम रकम खर्च गर्ने ।

| क.स. | आयोजना | बजेट | कैफियत |
|---|---|---|---|
| १ | बोक्सेजार दरबार संरक्षण | २५,००,०००।- | |
| २ | देउवरबाजी मन्दिर पूर्वाधार निर्माण | २५,००,०००।- | |
| ३ | छिप्रीदह संरक्षण अन्तर्गत पूर्वाधार निर्माण | २५,००,०००।- | |
| ४ | ठाँटीडाँडा युद्ध संग्राहलयमा युद्ध फिचर निर्माण | २५,००,०००।- | |

१२. यस गाउँपालिकामा सञ्चालित अटो रिक्शा सञ्चालक आन्दोलित भएकोले समयमा नविकरण नगरेको र मिति २०८१ चैत्र ६ गतेको जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्वी भाग) मा सर्ब पक्षिय सहमती भई सडक दुर्घटना न्यूनिकरण सम्बन्धी समन्वयात्मक बैठकको निर्णय अनुसार सात दिन भित्र नविकरण वा दर्ता गरीसक्ने निर्णय भए बमोजिम सो समयभित्र नविकरण गर्न आएका अटोरिक्शा को हकमा नविकरण शुल्कमा जरिवान नलिने ।

निर्णय प्रमाणित

२०८१/१२/१७

रेशन बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रम्मी
गा.पा. अध्यक्ष